GoN Registration No.: 01-2070/71
FOR NEPALI BY NEPALI
नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref.* N-788/019-21

## अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको विवरण पठाउने बारे जरुरि सूचना

राष्ट्रिय समन्वय परिषद् अध्यक्षज्यूहरु,
आगामी अक्टोबरमा हुने अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचनमा भाग लिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुको विवरण यसै साथ संलग्न गरिएको टेम्प्लेटमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सचिवालयमा इमेल मार्फत (contact@nrna.org) पेश गर्नु हुन अनुरोध छ । विधानको दफा २४.१ अनुसार प्रतिनिधिको विवरण १५ अगष्ट २०२१ सम्म सचिवालयमा प्राप्त भइसकेको हुनु पर्नेछ ।

निम्न प्रकृयाबाट प्रतिनिधिको चयन गर्नु पर्नेछ ।

१) प्रत्येक १० जना पंजिकृत सदस्य बराबर एक जना (१०:१) को अनुपातमा प्रतिनिधि चयन गर्नु पर्ने छ । एक हजार भन्दा बढी पंजिकृत सदस्य भएमा प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१,८०:१,१२०:१ संख्याको अनुपातमा गर्ने (विधानको दफा १३.७, अनुसूची ६) ।

२) अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषद्का वर्तमान र विगतमा काम गरिसकेका व्यक्तिहरुबाट प्राथमिकताको आधारमा ६५ प्रतिशत प्रतिनिधि चयन गर्ने (विधानको दफा १३.७ (ग)) । विधानको अनुसूची ६ (क) अनुसार प्राथमिकताको श्रेणिकरण (ranking) यसै साथ पठाइएको छ ।

३) २५ प्रतिशत प्रतिनिधि पंजिकृत सदस्यहरुबाट प्रत्यक्ष निर्वाचन गरी चयन गर्ने । बुँदा नम्बर २ मा उल्लेखित ६५ प्रतिशत प्रतिनिधिहरु नपुगेमा नपुग संख्या पनि निर्वाचनबाट चयन हुनु पर्नेछ (विधानको दफा १३.७ (क)) ।

४) बाँकि १० प्रतिशत प्रतिनिधिहरु महिला, युवा सहित गैरआवासीय नेपाली अभियानमा उल्लेख्य योगदान गरेका व्यक्तिहरु मध्येबाट नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद् चयन गर्ने (विधानको दफा १३.७ (ख)) ।

संघको विधान निम्न लिङ्कबाट प्राप्त गर्न सकिनेछ ।
https://nrna.org/wp-content/uploads/2021/04/Pramanit-Bidhan-NRNA-2021_.pdf?fbclid=IwAR11_7eJAqskriI_o9UA1C-Ky7FnKtxyQcfKr4VzTgEdBkfqlijywE-6ZvI

६५ प्रतिशत र २५ प्रतिशत प्रतिनिधि पठाई सक्नु भएका राष्ट्रिय समन्वय परिषद्लाई धन्यबाद छ ।

वोधार्थः क्षेत्रीय संयोजकहरु

डा. हेम राज शर्मा
महासचिव
मितिः ५ अगष्ट २०२१